नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

धनुषा

पत्र संख्या २०८१/०८२
च.न. ९३२

मिति : २०८१/१०/१०

विषय : सूचना टाँसको लागि पठाईएको बारे ।

श्री सबै स्थानीय तहहरु (धनुषा/महोत्तरी) ।

उपर्युक्त सम्वनधमा यस परियोजनाको मिति २०८१/१०/१० गतेको पुनः प्रस्ताव आह्वानको म्याद थप सम्बन्धी सूचना पाना थान-३(तीन) यसै पत्र साथ संलग्न राखी सूचना टाँसको लागि पठाईएको छ । ताहाँको सूचना पाटीमा सूचना टाँस गरी सोको जानकारी पठाई दिनु हुन अनुरोध छ।

..................................
(ललनकुमार सिंह)
वरिष्ठ कृषि अधिकृत

ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

श्री प्रशासन शाखा
पालिकाको सूचना पाटी तथा
सामाजिक संजालमा राख्न हुन्।

औरही नगरपालिका
दर्ता नं. ९५६९
दर्ता मिति : ०८१/१०/१०

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
धनुषा

फो.नं.:०४१-४२६४०४
इमेल.: pmamp.piu.dhanusa@gmail.com
वेवसाइट.:piudhanusha.pmamp.gov.np

# पुनः प्रस्ताव आह्वानको म्याद थप सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०६/२९
पुनः प्रकाशित मितिः २०८१/०९/२४

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८१/०६/२९ मा प्रथम पटक र पुनः मिति २०८१/०९/२४ मा प्रकाशित प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिमको म्याद भित्र समेत पर्याप्त संख्यामा आवेदन/प्रस्ताव पेश हुन नआएको तपशिलका कार्यक्रमहरुका लागि आवेदन/प्रस्ताव पेश गर्न यो म्याद थपको सूचना प्रकाशित गरिएको छ । उक्त कार्यक्रमहरु संचालन गर्न इच्छुक यस परियोजना कार्यान्वयन एकाई, धनुषा र जोन प्राविधिक एकाई, महोत्तरीको कार्यक्षेत्र भित्र पर्ने सूचिकृत कृषक समुह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि बजार व्यवस्थापन समिति/कृषि उद्यमी/फर्महरुले मिति २०८१/१०/१८ गते भित्र आफुले संचालन गर्न चाहेको कार्यक्रमका लागि आवश्यक कागजात सहित आवेदन/प्रस्ताव पेश गर्नु हुन (हालसम्म सूचिकृत हुन बाँकी रहेका आवेदकले आवेदन/प्रस्ताव पेश गर्नु अघि अनिवार्य रुपमा सूचिकृत हुनु पर्नेछ । साथै, चैते धान, मसिना/वास्नादार धान प्रवर्द्धन तथा स्वेदेशी हाइब्रिड धान प्रदर्शन कार्यक्रमहरुका लागि परियोजनाको कार्यक्षेत्र बाहिरका, सूचिकृत नभएका र व्यक्तिगत रुपमा खेति गर्न चाहने कृषकहरुले समेत आवेदन पेश गर्न सक्नेछन्) सम्बन्धित सबैमा जानकारीका लागि यसै सूचना मार्फत् अनुरोध गरिन्छ।

तपसिलः

| क्र. स. | कार्यक्रमको नाम | माग संख्या | परियोजना क्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|
| १ | ट्याग सहितको शुद्ध नश्लको माउँ माछाको भुरा वितरण | ८०० संख्या | धनुषा र महोत्तरी जिल्ला | कार्यक्रम अनुसार |
| २ | साना कृषि यन्त्र, औजार निर्माण/मर्मत उद्योग स्तरोन्नतिका लागि ५० % अनुदानमा मेशिनरी खरिदमा सहयोग | १ पटक | माछा सुपरजोन/धान जोन/आँप जोन/तरकारी जोन/माछा जोन | |
| ३ | सार्वजनिक निजि साझेदारीमा भुमिगत जल पुनर्भरन, सिंचाई र कृषि पर्यटकका लागि ठुला संरक्षण पोखरी निर्माण (≥ २.५ हे. जलाशय; २.५ मि. गहिराई) | २ संख्या | माछा जोन/माछा सुपरजोन र भावरक्षेत्रलाई प्राथमिकता हुने गरि धनुषा/महोत्तरी जिल्लाभरी | |
| ४ | चक्लाबन्दीमा तरकारी खेती व्यवसाय प्रवर्द्धनका लागि साना ढुवानी साधनमा अनुदान सहयोग | १ पटक | तरकारी जोन महोत्तरी | |
| ५ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ४० संख्या | माछा जोन महोत्तरी | |

सलन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

| क्र.स. | कार्यक्रमको नाम | माग संख्या | परियोजना क्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|
| ६ | साना सिंचाई कार्यक्रम | १४० संख्या | माछा सुपरजोन धनुषा/धान जोन धनुषा/माछा जोन महोत्तरी | |
| ७ | सहकार्यमा तरकारी वीउ श्रोत केन्द्र स्थापना | १ संख्या | तरकारी जोन महोत्तरी | |
| ८ | मत्स्य प्रशोधन उद्योग संचालन सहयोग | १ संख्या | माछा सुपरजोन धनुषा | |
| ९ | मत्स्य पोखरी निर्माण | १० हेक्टर | माछा जोन महोत्तरी/माछा सुपरजोन धनुषा | |
| ११ | मत्स्य मूल्य श्रृंखलामा आधारित उद्योगलाई बजारीकरणका लागि ढुवानी साधनमा अनुदान | १ संख्या | माछा जोन महोत्तरी | |
| १२ | जोन/सपुरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार(आँप) | २० हेक्टर | आँप जोन धनुषा | |
| १३ | आँप बगैचामा अन्तरबाली कार्यक्रम (अदुवा/वेसार/ओल) | १० हेक्टर | आँप जोन धनुषा | |
| १४ | सहकार्यमा बजारीकरण सहयोग | २ संख्या | आँप जोन धनुषा | |
| १५ | आँप प्रशोधन उद्योग संचालन सहयोग | १ संख्या | आँप जोन धनुषा | |
| १६ | चैते धान प्रवर्द्धन कार्यक्रम | ५०० हेक्टर | धनुषा र महोत्तरी जिल्ला भरि | कार्यक्रम अनुसार |
| १७ | मसिना/वास्नादार धान प्रवर्द्धन कार्यक्रम | २०० हेक्टर | धनुषा र महोत्तरी जिल्ला भरि | |
| १८ | स्वदेशी हाईब्रिड धान प्रदर्शन(१हे.) | १५ संख्या | धनुषा र महोत्तरी जिल्ला भरि | |
| १९ | मत्स्य मूल्य श्रृंखलामा आधारित उद्योगलाई बजारीकरणका लागि ढुवानी साधनमा अनुदान | १ संख्या | माछा जोन महोत्तरी | |
| २० | सहकार्यमा कोल्डरुम सहितको माछा पसल/बजार निर्माण/सुधार | १ संख्या | माछा जोन महोत्तरी | |
| २१ | स्थानिय तहको सहकार्यमा मत्स्य पसल/बजार निर्माण/सुधार | १ संख्या | माछा सुपरजोन धनुषा | |
| २२ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | १ संख्या | माछा सुपरजोन/धान जोन/आँप जोन/ तरकारी जोन/माछा जोन | |
| २३ | जोन/सपुरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | ४ पटक | माछा जोन महोत्तरी | |

कार्यक्षेत्र :

| जिल्ला | जोन/सुपरजोन | कार्यक्रम संचालन हुने परियोजनाको कार्यक्षेत्र |
|---|---|---|
| धनुषा | माछा सुपरजोन | कमला न.पा., विदेह न.पा., हँसपुर न.पा. ,शहिदनगर न.पा., जनकपुरधाम उ.म.न.पा., धनुषाधाम न.पा., सबैला न.पा., मिथिला विहारी न.पा., धनौजी गा.पा. लक्ष्मिनिया गा.पा. , जनकनन्दनी गा.पा., औरही गा.पा., क्षिरेश्वरनाथ न.पा., बटेश्वर गा.पा.-५ |
| | धान जोन | औरही गा.पा., जनकनन्दनी गा.पा., कमला न.पा., विदेह न.पा., शहिदनगर न.पा., हँसपुर न.पा. (वाड नं.४,६,९), जनकपुर उप-महानगरपालिका |
| | आँप जोन | गणेशमान चारनाथ न.पा., मिथिला न.पा., वटेश्वर गा.पा., धनुषाधाम न.पा.(६ र ९ मात्र) |

ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

| | | |
|---|---|---|
| महोत्तरी | तरकारी जोन | भंगहा न.पा.-४,५ बर्दिवास न.पा.-२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४, राम गोपालपुर न.पा.-४,५,६,७,८, औरही न.पा.-४,७,९ गौशाला न.पा.-१,३,५,८,१०,११,१२, सोनमा गा.पा.-४, समसी गा.पा.-१,२,४ |
| | माछा जोन | भंगहा न.पा.-१,२,३,६,७,८,९ लोहारपट्टी न.पा.-५,६,८,९, राम गोपालपुर न.पा.-१,२,३, औरही न.पा.-१,२,३,५,६,८, गौशाला न.पा.-२,४,६,७,९, सोनमा गा.पा.-२,५,८, समसी गा.पा.-५ |

नोट :

१. आवश्यक कागजात र प्रक्रिया : प्रस्ताव फारममा उल्लेख भए बमोजिम हुनेछ ।

२. एक प्रस्तावकले चक्लाबन्दी, क्षेत्रफल विस्तार/पोखरी निर्माण, माउमाछा भुरा, अन्तरबाली र सिंचाई सम्बन्धी कार्यक्रमका अतिरिक्त अधिकतम ३ वटा कार्यक्रममा प्रस्ताव पेश गर्न सक्नेछन् र प्रस्ताव फारममा आवेदन गरेको कार्यक्रमको प्राथमिकताक्रम समेत उल्लेख गर्नु पर्नेछ ।

३. बढी लागत साझेदारी जुटाउने र स्थानीय तह वा अन्य साझेदार निकायसँगको सहकार्यमा संचालन गरिने र यस अघि सोहि कार्यक्रममा अनुदान प्राप्त नगरेका आवेदकको प्रस्तावलाई प्राथमिकता प्रदान गरिनेछ। तर, स्तरोन्नति/सुदृढिकरण सम्बन्धी कार्यक्रमहरुको हकमा आवेदक/प्रस्तावकको स्व-लगानी वा अनुदान सहयोगमा निर्माण/संचालनमा रहेको परियोजनाको विद्यमान पूर्वाधार/संरचना/मेशीनरी/सुविधा आदिको मौजूदा कार्य क्षमता अभिवृद्धि/विस्तार वा प्रविधिमा सुधार अथवा थप नयाँ पूर्वाधार/संरचना/सुविधा विकास तथा मेशीनरी जडान जस्ता कार्यहरु समेत गर्न सकिने गरी प्रस्ताव पेश गर्न सकिनेछ ।

४. चक्लाबन्दी, प्रशोधन/औद्योगिकरण र बजारीकरण सम्बन्धी कार्यक्रमहरु सम्बन्धित जोन/सुपरजोनको उत्पादन कार्यक्रमलाई टेवा पुग्ने गरी प्राविधिक संभाव्यताका आधारमा उक्त क्षेत्रहरु बाहिरका उपयुक्त स्थानहरुमा समेत प्रस्ताव गर्न सकिने छ ।साथै, आँप क्षेत्रफल विस्तार र माछा पोखरी निर्माणका लागि मौजूदा जोन/सुपरजोन क्षेत्रसँग सिमाना जोडिएका र क्षेत्र विस्तारको लागि आवेदन पेश/शिफारिस भई स्वीकृतिको प्रक्रियामा रहेको क्षेत्र (स्थानीय तह/वडाहरु) का इच्छुक आवेदकले समेत आवेदन/प्रस्ताव पेश गर्न सक्नेछन् तर त्यस्तो आवेदन/प्रस्तावहरुलाई सो क्षेत्र मौजूदा जोन/सुपरजोन कार्यक्षेत्रमा समावेश भए पश्चात् मात्र छनौट प्रक्रियमा समावेश गर्न सकिनेछ ।

५. प्रस्ताव फारम यस कार्यालयको वेबसाइट piudhanusha.pmamp.gov.np बाट डाउनलोड गर्न तथा रित पूर्वक भरिएका प्रस्ताव(हरु) सम्बन्धित शाखा (जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन/छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

........................

(ललनकुमार सिंह)

वरिष्ठ कृषि अधिकृत

**नोट** : यस सम्बन्धी थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई धनुषाको कार्यालय, जनकपुरधाम वा जोन प्राविधिक एकाई महोत्तरीको कार्यालय जलेश्वरमा सम्पर्क राख्न सकिनेछ । सम्पर्क मो.नं. ९८५४०२००५३/९८५४०३३११७